आज मिति २०८१ साल भाद्र २० गते बिहिबारको दिन बिहान ८ : ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थितीः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री प्रकाश देवकोटा | सचिव | |

CamScanner

## मिति २०८१।०५।२० गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरु

निर्णय नं. १ : लमही नगरपालिका क्षेत्र भित्र थारु समुदाय यही मिति २०८१/०५/२३ गते ब्रत बस्ने र २४ गते फर्हार गरी आफ्ना चेलीबेटीलाई "अग्रासन" दिने चलनअनुसार २ दिने बड्का अट्वारी चाड २०८१ मनाइने भएकोले बड्का अट्वारीको पावन अवसरमा लमही नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, विद्यालयहरु लगायतका नगरपालिका मातहतका निकायमा अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु बन्द रहने गरी मिति २०८१/०५/२४ गते १ (एक) दिन स्थानीय  सार्वजनिक विदा दिने ।

निर्णय नं. २ : विपक्षी लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ समेत भएको परमादेश मुद्दामा (मुद्दा नं. ०८०-WO-००७६) सम्मानित श्री उच्च अदालत तुलसीपुरबाट जारी भएको १५ दिने म्याद मिति २०८१।०४।०९ गते तामेल भई पाएको र विपक्षी लमही नगरपालिकाका नगर प्रमुख जोगराज चौधरी समेत भएको निषेधाज्ञा मुद्दा( रिट नं. ०८१-WO-०००४) सम्मानित श्री दाङ जिल्ला अदालतबाट जारी भएको १५ दिने म्याद मिति २०८१।०५।१८ गते तामेल भई पाएको मुद्दामा लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी, लमही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र नगर कार्यपालिकाको कार्यालय, लमही, दाङको तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुर र श्री दाङ जिल्ला अदालतबाटमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, गुजरीएको म्याद समेत थामी, तारेखमा अदालतमा उपस्थित हुन कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत सहायकस्तर पाँचौं श्री हरिराम रावतलाई प्रतिनिधि नियुक्ती गरी पठाउने।

नगर कार्यपालिकाको कार्यालय
लमही नगरपालिका
लमही दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner